**Tribhuvan University Journal**
**Vol. 40, No. 1: 250-273, June 2025**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v40i1.80127**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# स्नातक तहमा समाविष्ट कथामा पात्र प्रयोग

***केशव भुसाल**, *मिन्दु थापा***

*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, काठमाडौँ*
**Corresponding author: keshabbhusal.tu@gmail.com*

Received date: 25 Aug. 2024 – Accepted date: 30 Feb. 2025

## लेखसार

प्रस्तुत लेख स्नातक तहमा समाविष्ट कथाहरूमा प्रयोग गरिएका पात्रहरूको अध्ययनमा आधारित रहेको छ । स्नातक तहमा समाविष्ट कथाका पात्रको अध्ययन गर्नु, निर्दिष्ट कथाका पात्रको भूमिका विश्लेषण गर्नु, कथामा प्रयुक्त पात्र सम्बन्धमा अध्ययनरत विद्यार्थीहरूको दृष्टिकोण प्रस्तुत गर्नु यस लेखका मुख्य उद्देश्यका रूपमा रहेका छन् । प्रस्तुत लेख गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस लेखमा पुस्तकालयीय कार्य तथा सर्वेक्षण विधिका माध्यमबाट आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ । यस क्रममा कथासम्बद्ध सद्धान्तिक सामग्रीहरूको अध्ययन-विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा कथा सिद्धान्तका बारेमा चर्चा गरिएका सैद्धान्तिक सामग्रीहरूलाई मुख्य सामग्रीका रूपमा उपयोग गरिएको छ भने विद्यार्थीबाट प्राप्त तथ्यलाई प्राथमिक स्रोतीय सामग्रीका रूपमा उपयोग गरिएको छ । यस अध्ययनका आधारमा स्नातक तहका कथाहरूमा लैङ्गिक दृष्टिले पुलिङ्ग र स्त्रीलिङ्ग पात्रहरू, कार्यका दृष्टिले मुख्य, सहायक र गौण पात्रहरू, प्रवृत्तिका दृष्टिले अनुकूल र प्रतिकूल पात्रहरु, स्वभावका दृष्टिले गतिहीन र गतिशील पात्रहरू, जीवनचेतनाका दृष्टिले व्यक्तिगत र वर्गगत पात्रहरु, आसन्नताका दृष्टिले नेपथ्य र मञ्चीय पात्रहरु तथा आबद्धताका दृष्टिले बद्ध र मुक्त पात्रहरू प्रयोग गरिएको निचोड निकालिएको छ । साथै यस सम्बन्धमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूमा अपेक्षाकृत जानकारी नरहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनले स्नातक तहमा समावेश गरिएका निर्दिष्ट कथाका रचनाकार, अध्यापनरत शिक्षक, अध्ययनरत विद्यार्थीका अलावा यस क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई पनि आवश्यकीय ज्ञान प्राप्त गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जी :** स्नातक तह, स्नातक नेपाली, कथा, पात्र, पात्र विश्लेषणका आधार ।

## अध्ययनको पृष्ठभूमि

कथा शब्द संस्कृतको 'कथ्' धातुमा 'आ' प्रत्यय लागेर बनेको शब्द हो । यसको व्युत्पत्तिगत अर्थ कथ्नु वा भन्नु भन्ने हुन्छ । "यो एक प्रकारको कुराकानी हो" (आचार्य, २०७४, पृ. १) । त्यसैले कथा भनेको व्यक्तिका मनमा लागेका भाव वा विचारलाई शृङ्खलावद्ध रूपमा प्रस्तुत गर्नु हो ।

कथा साहित्यको आख्यानात्मक गद्य विधा हो । मानिसका जीवन जगत्मा घटेका, घट्न सक्ने र यस सम्बन्धमा कल्पना गरिएका घटनाहरूको गद्यमय सङ्क्षिप्त अभिव्यक्ति कथा हो । आज जुन विधालाई कथा भनिन्छ वा जसरी सम्बोधन गरिन्छ । यो मूलतः १९ औं शताब्दीको देन हो । यद्यपि कथाको इतिहासलाई यत्तिमै सीमित राख्न सकिन्न । यसलाई परम्परासम्म तन्काउ पनि भन्न सकिन्छ । मानवीय गतिविधि वा परिश्रमको सन्दर्भमा प्राप्त गरेको अनुभूतिलाई भन्ने र सुन्ने प्रक्रियासाग कथाको इतिहासलाई जोड्न सकिन्छ । यसरी अर्थ्याउादा "कथालाई मान्छेको इतिहाससाग नजिक छ भन्न सकिन्छ र यो एउटा पुरानो विधा हो" (गौतम, २०६९, पृ.१) । त्यसैले कथालाई मानव सभ्यताको प्राचीन विधाका रूपमा लिने गरिएको पाइन्छ ।

कथाका माध्यमबाट विभिन्न विचार कथनात्मक क्षमता विकास, मानव सभ्यताको विकाससँगै संसारमा क्रमशः लोककथा, वैदिककथा, पौराणिक कथा, नीतिकथा आदि कथाहरूको विकास हुँदै आएको हो । आधुनिक कथाको प्रारम्भ इस्वीको १९ औं शताब्दीमा एड्गर एलेन पोले गरेका हुन् (लम्साल, भट्टराई र कँडेल, २०७०) । कथा ज्यादै लोकप्रिय र अति प्रचलित विधा हो । मानव अस्तित्त्वको आरम्भदेखि नै मनुष्यले उसका आफ्ना साथी सङ्गीहरूसँग अभिव्यक्ति गर्दै आएको आख्यानलाई कथा भन्न थालियो । आधुनिक सन्दर्भमा कथाले निश्चित परिभाषा तथा मूल्य ग्रहण गर्नु अघि कथा भन्ने र सुन्ने मानव समाज तथा इतिहासको शृङ्खलासँगै गाँसिदै आएको छ । मान्छेले आफ्नो सुख दुःख, प्रेम घृणा र अनुभूतिहरू विभिन्न आवेग संवेगहरू तथा मानवीय संवेदनाका स्तरमा रहेका शाश्वत भावहरू एक अर्कोलाई सुनाउँदै र सुन्दै आउँदा ती कथ्य भावहरूले लिखित रूप ग्रहण गरेर तिनलाई आज कथा नामले सम्बोधन गर्न थालियो । त्यसैले आजको कथालाई लोककथाको उत्तराधिकारी विधा हो भनिन्छ । कथालाई मानव सभ्यताको संवाहक भनिन्छ (आचार्य, २०६८) । कथा लेख्य रूपमा आउनुभन्दा अगाडि मानव समाजमा भन्ने र सुन्ने परम्पराको रूपमा लोकप्रिय भएको देखिन्छ ।

साहित्यका अन्य विधाहरू जस्तै कथा पनि विभिन्न तत्त्वहरूको संयोजनबाट बन्ने यौगिक रचना हो । कथा बन्नका निम्ति आवश्यक पर्ने घटकहरू नै कथाका तत्त्वहरू हुन् । विभिन्न तत्त्वहरूको कुशल संयोजनबाट कथाको संरचना तयार हुन्छ । कथाका तत्त्वहरूका बिचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ (घिमिरे र खड्का, २०६९) । कथाको निर्माणमा भूमिका

खेल्ने त्यस्ता तत्त्वहरूअन्तर्गत कथावस्तु, पात्र वा चरित्र, देशकाल परिस्थिति, उद्देश्य, भाषाशैली, दृष्टिविन्दु र संवाद वा कथोपकथन पर्छन् ।

कथा र यसको शिक्षणबाट तहअनुसार विभिन्न उद्देश्य हासिल गर्ने लक्ष्य लिइएको हुन्छ । प्रारम्भिक तहहरूमा भाषाका चार ओटै सिपको सन्तुलित विकास गर्न, कथनात्मक क्षमताको विकास गर्न, घटनाक्रम मिलान क्षमतको विकास गर्न, बुँदाका आधारमा कथा लेखन सिपको विकास गर्न कथा शिक्षण गरिन्छ भने माथिल्ला तहहरूमा कथालाई कथाका विभिन्न तत्त्वका आधारमा विश्लेषण गर्न सक्ने क्षमता विकास गर्न साथै कथाको विचारमाथि विमर्श गर्न सक्ने सामर्थ्य विकास गराउन कथा शिक्षण गर्ने गरिन्छ । स्नातक तहमा समावेश गरिएका कथाहरूको अभीष्ट पनि यसैअनुरूप रहेको देखिन्छ । यस दृष्टिले यस तहका कथाहरू केकस्ता छन् र ती कथामा प्रयुक्त पात्र सम्बन्धमा अध्ययनरत विद्यार्थीहरू केकति जानकार छन् भन्ने जिज्ञासाको परिपूर्तिका निम्ति प्रस्तुत अध्ययन गरिएको छ । यसबाट खासै अध्ययन, अनुसन्धान नभएको यस क्षेत्रमा नवीन ज्ञान उद्घाटित हुने अपेक्षा गरिएको छ ।

## समस्या कथन

प्रस्तुत अध्ययनको मुख्य समस्या स्नातक तहको अनिवार्य नेपालीमा समाविष्ट कथामा प्रयुक्त पात्रहरू रहेका छन् । यस अध्ययनका अन्य समस्याका रूपमा निर्दिष्ट कथाका प्रयुक्त पात्रको भूमिका र तिनीहरूप्रति विद्यार्थीहरूको प्रतिक्रिया रहेका छन् ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य स्नातक तहको अनिवार्य नेपालीमा समाविष्ट कथामा प्रयुक्त पात्रहरूको अध्ययन रहेको छ । यस अध्ययनका विशिष्ट उद्देश्यअन्तर्गत निर्दिष्ट कथामा प्रयुक्त पात्रहरूको भूमिका विश्लेषण गर्नु तथा निर्दिष्ट कथामा प्रयुक्त पात्र र तिनको भूमिकाप्रति विद्यार्थीहरूका प्रतिक्रिया प्रस्तुत गर्नु रहेका छन् ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यस अध्ययनमा पुस्तकालयीय कार्य र स्थलगत अध्ययनका माध्यमबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । यस क्रममा नेपाली तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको सूक्ष्म अध्ययन गरिएको छ । यस अध्ययनमा शैलीविज्ञानका बारेमा चर्चा गरिएका सैद्धान्तिक पुस्तकहरूलाई मुख्य सामग्रीका रूपमा र यससम्बद्ध लेखरचना तथा नेपाली आख्यानात्मक कृतिहरूलाई सहायक सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा स्नातक तहको नेपालीमा समावेश गरिएका पाँच ओटा कथाहरूमध्ये तीन ओटा कथाहरू : एक रात कथा, लङ्का काण्ड कथा र आरुको बोट कथामा प्रयुक्त पात्र र तिनको भूमिकाबारे अध्ययन गरिएको छ । यस क्रममा सोद्देश्यमूलत तरिकाले तीन ओटा कथाहरूको छनोट गरिएको छ । निर्दिष्ट

कथामा प्रयुक्त पात्र र तिनको भूमिका सम्बन्धमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई प्रश्नावली भराई आवश्यक तथ्य सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका तथ्यलाई सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । यस अध्ययनमा पात्रको भूमिका विश्लेषणार्थ शैलीवैज्ञानिक अध्ययन विश्लेषणको सैद्धान्तिक आधारलाई उपयोग गरिएको छ भने विद्यार्थीका प्रतिक्रियालाई सैद्धान्तिक अवधरणासँग आबद्ध गरी तयार पारिएको प्रश्नावलीअनुरूप शीर्षकीकरण (थिम निर्माण) गरी व्याख्या विश्लेषण गरिएको छ ।

## व्याख्या विश्लेषण

स्नातक तहको अनिवार्य नेपालीमा जम्मा पाँच ओटा कथाहरू समावेश गरिएका छन् । जसअन्तर्गत एक रात कथा, लङ्का काण्ड कथा, आरुको बोट कथा, पछबरिया टोल कथा र गाउँमा गीतहरू गुञ्जदैनन् कथा रहेका छन् । यी कथाहरूमा प्रयुक्त पात्रहरूको अध्ययनलाई प्राप्त तथ्यका आधारमा निम्नानुसारका उपशीर्षकहरूमा विभक्त गरी व्याख्या विश्लेषण गरिएको छ :

### एकरात कथामा प्रयुक्त पात्रहरूको अध्ययन

कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'एक रात' कथा चरित्रप्रधान कथा हो । यस कथामा किशोर, कमिस्नर, डाक्टर, सुबेदार, हबलदार, किशोरकी बहिनीलगायतका पात्रहरूको प्रयोग गरिएको छ । प्रस्तुत कथामा प्रयोग गरिएका पात्रहरूको भूमिकालाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

**तालिका १**

*एक रात कथामा प्रयुक्त पात्र र तिनको भूमिका*

| पात्र अध्ययनका आधार : | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | मञ्च | नेपथ्य | बद्ध | मुक्त |
| किशोर | + | | + | | | + | | | + | + | | + | | + | |
| कमिस्नर | + | | | + | | | + | + | | + | | + | | + | |
| राधा | | + | | | + | + | | | + | + | | + | | | + |
| डाक्टर | + | | | + | | | + | + | | + | | + | | + | |
| सुबेदार | + | | | + | | | + | + | | + | | + | | + | |
| हबलदार | + | | | + | | | + | + | | + | | + | | + | |
| डाक्टरकी श्रीमती | | + | | | + | + | | | + | + | | + | | | + |
| किशोरकी बहिनी | | + | | + | | + | | | + | | + | | + | + | |

उल्लिखित तालिकाअनुसारको भूमिकामा रहेका 'एक रात' कथाका पात्रको विश्लेषण निम्नानुसार गरिएको छ :

**किशोर** : किशोर 'एक रात' कथाको प्रमुख पात्र हो । कथाको सम्पूर्ण कथावस्तु वा कथानक किशोरकै केन्द्रीयतामा अगाडि बढेको छ । यस कथाको पात्र किशोरले जेलको चिसो कोठामा मृत्यु कुरेर बसेको प्रसङ्गबाट कथा सुरू भएको छ । किशोरको पूर्वस्मृतिमा आधारित भई प्रस्तुत कथाको प्रारम्भ भएको छ । एक रात कथामा प्रयुक्त किशोर पुरूष पात्र हो । घरपरिवारको एक्लो छोरो किशोर एस.एल.सी. परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भएपछि अङ्ग्रेजी पढ्न हिन्दुस्तान गएको छ । प्रवृत्तिका आधारमा किशोर अनुकूल पात्र हो । ऊ देश र जनताको भलाइका लागि लड्ने र मर्न तयार भएको छ । समाजले छोरीलाई पढाउनु हुँदैन भने पनि मान्छे युगअनुसार चल्नुपर्छ भन्ने सकारात्मक भावना राख्ने किशोरले बहिनीलाई राम्ररी पढ्न प्रेरित गरेको छ भने श्रीमतीलाई पनि पढ्न सिकाएको छ । किशोर नारीहरूलाई समाजमा शिक्षित बनाउनुपर्छ भन्ने परिवर्तनमुखी चरित्र भएको पात्र हो । उसले कथाको प्रारम्भदेखि नै कथामा सकारात्मक भूमिका निर्वाह गरेको हुनाले उसलाई अनुकूल पात्रका रूपमा चित्रित गर्न सकिन्छ । स्वभावका आधारमा किशोर गतिहीन पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म किशोर एउटै स्वभावमा देखापरेको हुनाले उसको भूमिका गतिहीन देखिएको हो । मृत्युदण्डको फैसला सुनाउँदा समेत देश र जनताको हकहितका लागि आवाज उठाउने र आफ्नो अधिकार प्राप्त गर्न पछाडि पर्नुहुँदैन बरु अधिकार खोसेर ल्याउन हरेक युवावर्ग अगाडि बढ्नुपर्छ र समाज परिवर्तनका संवाहक युवावर्ग फाँसीमा झुण्डिन कहिल्यै पछि पर्दैनन् भन्ने भाव यस कथामा किशोरको संवादबाट व्यक्त गरिएको छ । जीवन चेतनाका आधारमा किशोर वर्गगत पात्र हो । ऊ मध्यमवर्गीय किसानको जेठो छोरो हो । उसले देश र जनताको हक हितका लागि आफ्नो ज्यान दाउमा राखी निडर भएर निरङ्कुशताका अगाडि माफी मागेर घुँडा टेक्नुभन्दा फाँसीमा झुण्डिएर देश र जनताप्रतिको कर्तव्य पूरा गर्ने अठोट लिएको छ । यसर्थ ऊ किशोर युवावर्गको र युगजीवनको प्रतिनिधि पात्रका रूपमा देखापरेको छ । आसन्नताका आधारमा किशोर मञ्चीय पात्र हो । उसले यस कथामा प्रत्यक्ष रूपमा सुरुदेखि अन्तसम्म उपस्थित भई प्रमुख भूमिका निर्वाह गरेको छ । उसको अनुपस्थितिमा कथानक नै अधुरो हुने देखिएको छ । आबद्धताका आधारमा किशोर बद्ध पात्र हो । किशोरकै सेरोफेरोमा कथानकको सुरु, मध्य र अन्त्य भएको छ । किशोरको केन्द्रीयतामा कथा लेखिएकाले कथाको कथानकबाट उसलाई झिकिदिने हो भने यस कथाको संरचना नै भताभुङ्ग हुन्छ । त्यसकारण किशोर कथावस्तुबाट छेउ लगाउन नमिल्ने पात्र हो । किशोरको पूर्वस्मृतिमा कथाको सुरू भएकाले उसको अनुपस्थितिमा कथाले गति लिन नसक्ने देखिन्छ ।

**कमिस्नर :** कथाकारले 'एक रात' कथाको सहायक पात्रका रूपमा कमिस्नरलाई उभ्याएका छन् । भित्री हृदयबाट किशोरलाई मद्दत गर्न चाहने तर क्रूर राणा शासनका

कारण मनमा सहयोग गर्ने भाव हुँदाहुँदै पनि गर्न नसकेको पात्रका रूपमा कमिस्नर उपस्थित भएको छ । कमिस्नर यस कथाको पुरुष पात्र हो । नाम, स्वभाव र उसका लागि प्रयोग गरिएको क्रियापदका आधारले पनि ऊ पुरुष पात्र रहेको स्पष्ट हुन्छ । कथामा उल्लेख भएअनुसार किशोरलाई फाँसी दिएर फर्केकाहरूलाई रातभरि निद्रा लाग्दैन । उनीहरूले आफ्ना भाइ, छोरा, साथीहरूमा किशोरको झझल्को पाउँछन् । भूमिकाका दृष्टिले कमिस्नर 'एक रात' कथाको सहायक पात्र हो । प्रमुख पात्रको तुलनामा उसको प्रत्यक्ष उपस्थिति कम देखिएकाले ऊ सहायक पात्र रहेको पुष्टि हुन्छ । प्रवृत्तिका आधारमा कमिस्नर प्रतिकूल पात्र हो । ऊ किशोरलाई सहयोग गर्ने भाव हुँदाहुँदै पनि नगर्ने नकारात्मक पात्रका रूपमा देखापरेको छ । देश र जनताको मुक्तिका लागि आफ्नो प्राण त्याग गर्ने किशोरजस्ता व्यक्तिको प्रभाव पर्दापर्दै पनि आफ्नै आत्मालाई छलेर किशोरजस्ता योद्धाहरूको हत्यामा सामेल हुन विवश खराब प्रवृत्ति भएका पात्रका रूपमा कमिस्नर देखापरेकाले उसलाई प्रतिकूल पात्रका रूपमा कथामा देखाइएको छ । स्वभावका आधारमा कमिस्नर गतिशील पात्र हो । कथावस्तुको प्रारम्भमा भित्री हृदयबाट किशोरलाई मद्दत गर्न चाहने तर क्रूर राणा शासनका डरले मनमा सहयोग गर्ने भावना हुँदाहुँदै पनि सहयोग गर्न नसक्ने र आफ्नो मनलाई कठोर बनाएर उसले किशोरजस्ता योद्धाहरूको विवश हत्या गरेको र तत्काल राणा शासनमा जनताप्रति उदारभाव राख्ने तथा राणाहरूको प्रतिनिधित्व गर्ने गरेको पाइन्छ । जीवन चेतनाका आधारमा कमिस्नर वर्गीय पात्र हो । भित्री मनबाट मद्दत गर्न चाहने तर क्रूर राणा शासनका डरले आफ्नो स्वार्थका लागि मन नहुँदा-नहुँदै पनि जनताको विवश हत्यामा सामेल हुनुपर्ने र तत्काल राणा शासनमा जनताप्रति उदार भाव राख्ने राणाहरूको प्रतिनिधित्व गर्ने पात्रका रूपमा कमिस्नरलाई प्रस्तुत गरिएको छ । आसन्नताका आधारमा कमिस्नर मञ्चीय पात्र हो । 'एक रात' कथालाई आरम्भदेखि अन्त्यसम्म प्रत्यक्ष उपस्थित रहेर उसले प्रमुख पात्रलाई सक्रिय रूपमा सहयोग पुऱ्याएको छ । त्यसकारण उसलाई मञ्चीय पात्रका रूपमा लिन सकिन्छ । आबद्धताका आधारमा कमिस्नरलाई बद्ध पात्रका रूपमा देखिएको छ । कथानकको सुरुदेखि अन्त्यसम्म कमिस्नरको भूमिका सहायक पात्रको रूपमा रहेको छ । उसले प्रत्यक्ष रूपमा प्रमुख पात्रलाई पछाडिबाट सहयोग पुऱ्याएको छ ।

**राधा :** राधा 'एक रात' कथाकी स्त्री पात्र हो । ऊ किशोरकी श्रीमती हो । कथामा उसको भूमिका गौण पात्रका रूपमा देखिएको छ । कथामा गौण पात्रहरूको उपस्थिति अप्रत्यक्ष रूपमा आउने हुनाले उसलाई गौण पात्रका रूपमा लिन सकिन्छ । प्रस्तुत कथामा राधा सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष भूमिकामा नभई अप्रत्यक्ष भूमिकामा रहेकाले उसलाई गौण पात्रका रूपमा लिन सकिन्छ । प्रवृत्तिका आधारमा राधा अनुकूल पात्र हो । सानै उमेरमा विवाह गरी आएकी राधा किशोरकी श्रीमती हो । ऊ कथामा सोझी र इमान्दार पात्रका रूपमा देखापरेकी छ । कथामा उनको प्रवृत्ति सत् प्रकृतिको देखिन्छ । उसले कथामा सकारात्मक कार्य गरेकी हुनाले उसलाई अनुकूल पात्रका रूपमा चर्चा गर्न

सकिन्छ । स्वभावका आधारमा राधा गतिहीन पात्र हो । ऊ असल चरित्र भएकी पात्रका रूपमा देखा परेकी छ । उसलाई किशोरले साँझतिर घुम्न नदीतिर जाऊँभन्दा छक्क परेर किशोरलाई हेरिरहन्छे र किशोरले नयाँ युगअनुसार हामीले पनि हिँड्ने बानी गर्नुपर्छ राधा भनी सम्झाउँदा ऊ खुसी भएकीजस्ती देखिन्छे । उसको यस किसिमको संवादात्मक प्रतिक्रियाबाट ऊ सोझी पात्रका रूपमा देखा परेकी छ । कथाको सुरुदेखि अन्त्यसम्म पनि उसको स्वभाव एउटै रहेको छ । त्यसकारण उसलाई गतिहीन पात्रका रूपमा चित्रण गर्न सकिन्छ । जीवन चेतनाका आधारमा राधा वर्गीय पात्र हो । उसले समाजमा नारी वर्गको प्रतिनिधित्व गरेकी छ । ऊ सानै उमेरमा विवाह गरी आएकी छ । एउटी नारी विवाह गरेपछि उसले आफूले निभाउनुपर्ने कर्तव्य निर्वाह गरेकी छ । छोरी मान्छे विवाह गरेपछि पढ्न हुँदैन भन्ने मान्यतालाई उसको श्रीमान्ले पन्छाउँदै उसलाई पढ्न सिकाएको छ । समाजमा नारी वर्गको प्रतिनिधित्व गरेकी हुनाले उसलाई वर्गीय पात्रका रूपमा चर्चा गर्न सकिन्छ । आसन्नताका आधारमा राधा मञ्चीय पात्र हो । कथामा उसको भूमिका गौण पात्रका रूपमा रहे पनि उसले कथालाई प्रत्यक्ष रूपमा अगाडि बढाउनका लागि सक्रिय भूमिका निर्वाह गरेकी छ । त्यसैले उसलाई मञ्चीय पात्रका रूपमा कथामा प्रस्तुत गरिएको छ । आबद्धताका आधारमा राधा मुक्त पात्र हो । कथामा उसको भूमिका गौण रहेको छ । जसलाई कथाबाट झिक्दा पनि कथाको संरचना नखल्बलिने हुनाले उसलाई मुक्त पात्रका रूपमा लिन सकिन्छ ।

**डाक्टर :** डाक्टर 'एक रात' कथाको पुरुष पात्र हो । घरमा श्रीमती र छोरालाई जानकारी नगरी किशोरजस्ता देश र जनताको हकहितमा निडर भएर लाग्ने युवाको वीभत्स हत्या गर्ने र घरमा आफ्नो छोराले त्यो घटना नसुनोस् भन्ने प्रसङ्गबाट ऊ पुरुष पात्र रहेको स्पष्ट हुन्छ । कार्यका आधारमा डाक्टर सहायक पात्र हो । उसको भूमिका कथामा सहायक पात्रका रूपमा रहेको छ । कथामा प्रमुख भूमिकामा नदेखिए पनि उसले कथावस्तुलाई अगाडि बढाउन प्रमुख पात्रको सहयोगी भएर कथामा कार्यव्यापार गरेको छ । प्रवृत्तिका आधारमा डाक्टर प्रतिकूल पात्रका रूपमा देखापरेको छ । किशोरजस्ता देश र जनताका लागि आफ्नो ज्यान दाउमा राख्ने निडर र कर्तव्यनिष्ठ व्यक्तिलाई मृत्युदण्ड दिनका लागि फैसला सुनाउने र मृत्युमा सामेल रहने डाक्टरलाई यस कथामा प्रतिकूल पात्रका रूपमा देखाइएको छ । कथामा सुरुदेखि अन्त्यसम्म नकारात्मक भूमिका निर्वाह गरी पाठकबाट घृणित भएकाले उसलाई प्रतिकूल, असत् वा खराब प्रवृत्ति भएका पात्रका रूपमा चित्रण गर्न सकिन्छ । स्वभावका आधारमा डाक्टर गतिशील पात्र हो । कथाको सुरुमा डाक्टर कठोर प्रवृत्तिको देखिए पनि किशोरको दृढता देखेर फाँसी दिएर घर फर्केपछि उसलाई रातभर छटपटी हुन्छ । कथाकारले कथामा सन्दर्भअनुसार यस पात्रलाई पुरै भिन्न गराएकाले डाक्टरलाई गतिशील पात्रका रूपमा प्रस्तुत गरिएको छ । आफूले गरेको गल्तीको आत्मग्लानि गराई कथाकारले कथामा यस पात्रलाई गतिशील पात्रका रूपमा प्रस्तुत गरेका छन् । जीवन चेतनाका

आधारमा डाक्टर वर्गगत पात्र हो । उसले कथामा सामाजिक वर्गको प्रतिनिधित्व गरेको छ । देश र जनाताको हकहितका लागि आवाज उठाउने युवाहरूलाई क्रूर राणाशासनका डरले आफ्नो स्वार्थमा लागि अरूको खुसी लुट्ने डाक्टरलाई वर्गगत पात्रका रूपमा प्रस्तुत गरिएको छ । आसन्नताका आधारमा डाक्टर मञ्चीय पात्र हो । कथामा उसको भूमिका सहायक पात्रका रूपमा देखिएको छ । आबद्धताका आधारमा डाक्टर बद्ध पात्र हो । कथाको संरचनामा उसको भूमिका महत्त्वपूर्ण भएकाले उसलाई कथाबाट झिक्दा कथाको संरचना भत्किन्छ वा खजमजिन्छ र कथा अपूर्ण बन्न पुग्छ । त्यसैले डाक्टरलाई बद्ध पात्रका रूपमा लिन सकिन्छ ।

**सुबेदार** : 'एक रात' कथामा प्रयुक्त सुबेदार पुरुष पात्र हो । उसको नाम र उसलाई प्रयोग गरिएको क्रियापदबाट ऊ पुरुष पात्र हो भन्ने स्पष्ट हुन्छ । कार्यका आधारमा सुबेदार 'एक रात' कथाको सहायक पात्र हो । प्रमुख पात्रको भन्दा कम भूमिकामा देखिएकाले उसलाई कथामा सहायक पात्रका रूपमा लिन सकिन्छ । प्रवृत्तिका आधारमा सुबेदार प्रतिकूल पात्र हो । किशोरजस्ता लगनशील, मिहिनेती, भविष्यप्रति आशा राख्ने, मानवता प्रेम, परिवर्तनप्रति विश्वास र देशका लागि निःस्वार्थ भावना राख्ने युवालाई मृत्युदण्ड दिनुपर्छ भन्दै फाँसीको फैसला सुनाउँने र फाँसी दिने सुबेदारजस्ता व्यक्तिलाई कथाकारले कथामा असत् वा प्रतिकूल पात्रका रूपमा देखाएका छन् । स्वभावका आधारमा सुबेदार गतिशील पात्र हो । किशोरजस्ता युवाहरूलाई मृत्युदण्डको सजाय हुनुपर्छ भन्दै नारा निकाल्ने व्यक्तिलाई कहिल्यै मानसिक सन्तुष्टि प्राप्त हुँदैन भन्ने भाव किशोरलाई मृत्युदण्ड दिएर घर फर्केका सुबेदारलगायतका व्यक्तिहरूलाई मानसिक यातना गराई कथाकारले गतिशील पात्रका रूपमा कथामा प्रस्तुत गरेका छन् । जीवन चेतनाका आधारमा सुबेदार वर्गीय पात्र हो । कथामा उसले आफ्नो मात्र प्रतिनिधित्व नगरेर सामाजिक वर्गको प्रतिनिधित्व गरेकाले उसलाई कथामा वर्गगत पात्रका रूपमा देखाइएको छ । निरङ्कुशताको विरोध गर्ने र देश र जनताका लागि आवाज उठाउने किशोरजस्ता युवालाई फाँसी दिने सुबेदारलाई राणाकालीन निरङ्कुश समाजको प्रतिनिधित्व गर्ने वर्गका रूपमा कथामा प्रस्तुत गरिएको छ । आसन्नताका आधारमा सुबेदार मञ्चीय पात्र हो । सुबेदारले कथामा प्रत्यक्ष उपस्थित भएर सक्रिय भूमिका निर्वाह गरेको छ । आबद्धताका आधारमा सुबेदार बद्ध पात्र हो । कथाको सुरूदेखि अन्त्यसम्म नै उसको सहभागिता रहेको छ । ऊ कथामा सहायक पात्रको रूपमा देखिए पनि उसको अभावमा कथा अपूर्ण र उद्देश्यहीन हुन्छ । प्रमुख पात्रको चरित्रबाट अन्य चरित्रहरू बाँधिने हुनाले यस कथामा पनि बद्ध पात्रका रूपमा सुबेदार स्थापित भएको छ ।

**हबलदार** : लिङ्गका आधारमा हबलदार पुरूष पात्र हो । हबलदारको शारीरिक वर्णन, नाम, स्वभाव र उसका लागि प्रयोग गरिएको क्रियापदका आधारमा पनि ऊ पुरुष पात्र हो । कार्यका आधारमा हबलदार यस कथाको सहायक पात्र हो । हबलदारको उपस्थिति सुरुदेखि अन्त्यसम्म रहेको छ । कथावस्तुलाई अगाडि बढाउन प्रमुख पात्रलाई पूर्ण रूपमा

सहयोग गर्ने पात्रका रूपमा उसलाई लिइएको छ । सहायक पात्रको भूमिका मुख्य पात्रसँग हुने भएकाले कथामा उसको विशेष भूमिका रहेको छ। प्रवृत्तिका आधारमा हबलदार प्रतिकूल वा असत् पात्र हो । ऊ कथाको कथानकमा नकारात्मक भूमिका निर्वाह गरी पाठकमाभ्र घृणित पात्रका रूपमा देखापरेको छ । हबलदारले भित्री मनबाट किशोरलाई सहयोग गर्न चाहने तर क्रूर राणाशासनका कारण मनमा सहयोग गर्ने भाव हुँदाहुँदै पनि सहयोग गर्न नसक्ने पात्रका रूपमा हबलदारलाई कथाकारले कथामा उपस्थित गराएका छन् । स्वभावका आधारमा हबलदार गतिशील पात्र हो । कथानकमा प्रारम्भदेखि नै हबलदार गतिशील बनेर परिवर्तन हुने पात्रका रूपमा देखापरेको छ। कथाको आदिदेखि अन्त्यसम्म उसको स्वभावमा परिवर्तन आएको छ । हबलदार भित्री मनबाट किशोरलाई सहयोग गर्न चाहने भए पनि राणाशासनको डरले ऊ आफ्नो सोचलाई परिवर्तन गरी किशोरजस्ता युवाको मृत्युमा सामेल हुन पुगेको छ। जीवन चेतनाका आधारमा हबलदार वर्गीय पात्र हो । उसले नेपाली समाजमा देश र जनताको हकहितका लागि आवाज उठाउने युवावर्गलाई फाँसीको सजाय सुनाउने क्रूर शासकको प्रतिनिधित्व गरेको छ। उसले क्रूर राणाशासनलाई सहयोग गरेको छ। निरङ्कुशताका विरुद्ध आवाज उठाउने किशोरजस्ता युवावर्गलाई फाँसीमा भ्रुण्डाएको छ । त्यसैले हबलदार 'एकरात' कथाको वर्गीय पात्र हो । आसन्नताका आधारमा हबलदार मञ्चीय पात्र हो । हबलदारले कथामा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गरेर सक्रिय भूमिका निर्वाह गरेको छ । हबलदारको उपस्थिति कथामा सुरुदेखि अन्त्यसम्म सक्रिय रूपमा रहेको छ। आबद्धताका आधारमा हबलदार बद्ध पात्र हो । जसको अभावमा कथाको संरचना खलबलिन्छ । कथालाई पूर्ण बनाउनका लागि उसको ठूलो भूमिका रहेको छ । उसलाई कथानकबाट भिक्दा कथा अपूर्ण बन्न पुग्छ, त्यसैले हबलदार यस कथाको बद्ध पात्र हो ।

**डाक्टरकी श्रीमती** : डाक्टरकी श्रीमती एक रा कथाकी नारी वा स्त्री पात्र हो । ऊ कथामा डाक्टरकी श्रीमती उपनामले चिनिएकी हुनाले उसलाई नारी पात्रका रूपमा चित्रण गर्न सकिन्छ । कार्यका आधारमा डाक्टरकी श्रीमती गौण पात्र हो । ऊ कथामा डाक्टरकी श्रीमतीको नामबाट चिनिएकी छ । उसको कथामा प्रमुख र सहायक पात्रको जति भूमिका नरहे पनि महत्त्वपूर्ण भूमिका रहेको छ । उसले डाक्टरसँग प्रत्यक्ष संवाद गरी डाक्टर घर ढिलो आउनुको कारण सोधेकी छ। प्रवृत्तिका आधारमा डाक्टरकी श्रीमती अनुकूल पात्र हो। उसले कथामा कसैलाई पनि नराम्रो व्यवहार गरेकी छैन। उसले कथामा सकारात्मक भूमिका निर्वाह गरी पाठकहरूको सहानुभूति प्राप्त गरेकी छ। उसले कथामा गरेका हरेक कामहरू सकारात्मक छन् त्यसैले ऊ अनुकूल पात्रका रूपमा उपस्थित भएकी छ। स्वभावका आधारमा डाक्टरकी श्रीमती यस कथाकी गतिहीन वा स्थिर पात्र हो। ऊ डाक्टरकी श्रीमती हो । डाक्टरले देश र जनताका लागि आवाज उठाउने र देशमा निरङ्कुशता हटाएर प्रजातन्त्र ल्याउनुपर्छ, शोषक र सामन्तहरूको अन्त्य गर्नुपर्छ भनेर देशका

लागि आवाज उठाउने किशोरजस्ता युवावर्गलाई फाँसी दिएर आएको खबर सुनाउँदा पनि ऊ केही बोल्न नसकी चुप बसेकी छ । त्यसैले ऊ स्थिर वा गतिहीन पात्र हो । जीवन चेतनाका आधारमा डाक्टरकी श्रीमती वर्गीय पात्र हो । उसले नारी वर्गको प्रतिनिधित्व गरेकी छ । उसले श्रीमान् घर ढिला आउनुको कारण, श्रीमान् निदाउन नसक्नुको कारण सोधी पतिभक्त नारीको प्रतिनिधित्व गरेकी छ । आसन्नताका आधारमा डाक्टरकी श्रीमती मञ्चीय पात्र हो । उसले प्रत्यक्ष रूपमा डाक्टरसँग संवाद गरी कथालाई अगाडि बढाएकी हुनाले उसलाई मञ्चीय पात्रका रूपमा लिइन्छ । आबद्धताका आधारमा डाक्टरकी श्रीमती मुक्त पात्र हो । उसको अनुपस्थितिमा पनि कथा अगाडि बढ्न सक्ने भएकाले कथामा उसको खासै महत्त्व देखिँदैन । उसलाई कथाबाट झिक्दा वा उसको अभावमा पनि कथाको संरचना खल्बलिने देखिँदैन ।

**किशोरकी बहिनी :** लिङ्गका आधारमा किशोरकी बहिनी 'एक रात' कथाकी स्त्री वा नारी पात्र हो । कथामा किशोरकी बहिनी शब्दको प्रयोगबाट ऊ स्त्री पात्र हो भन्न सकिन्छ । कार्यका आधारमा किशोरकी बहिनी सहायक पात्र हो । उसले किशोरलाई कथामा पूर्ण रूपमा सहयोग गरेकी छ । छोटो भूमिकामा देखा परे पनि उसको उपस्थिति कथामा महत्त्वपूर्ण रहेको छ । उसले प्रमुख पात्रको सहयोगी भई कथाको उद्देश्य पूरा गर्न सघाउ पुऱ्याएकी छ । त्यसैले उसलाई सहायक पात्र हो भन्न सकिन्छ । प्रवृत्तिका आधारमा किशोरकी बहिनी अनुकूल पात्र हो । उसले गरेका हरेक कामहरू सकारात्मक छन् । उसले आफू पढेर ठुलो मान्छे भएर देश र जनताको लागि सेवा गर्ने भाव राखेकी छ । उसले कथामा सकारात्मक भूमिका निर्वाह गरी पाठकहरूको सहानुभूति प्राप्त गरेकी छ । स्वभावका आधारमा किशोरकी बहिनी गतिहीन वा स्थिर पात्र हो । कथामा उसको स्वभावमा कुनै पनि परिवर्तन नआएकाले ऊ स्थिर वा गतिहीन पात्र हो । जीवन चेतनाको आधारमा किशोरकी बहिनी व्यक्तिगत पात्र हो । उसले कथामा आफ्नो निजी स्वभाव र वैयक्तिकताको भूमिका निर्वाह गरेकी छ । आसन्नताका आधारमा किशोरकी बहिनी नेपथ्य पात्र हो । कथामा उसलाई आफ्नो नामबाट परिचित किशोरकी बहिनीकी रूपमा कथाकारले कथामा देखाएका छन् । कथामा उसको भूमिका सहायक पात्रका रूपमा रहेको भए पनि उसलाई कथामा प्रत्यक्ष रूपमा सहभागी नबनाई प्रमुख पात्रका माध्यमबाट सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ । आबद्धताका आधारमा किशोरकी बहिनी बद्ध पात्र हो । कथामा उसको महत्त्वपूर्ण भूमिका रहेको छ । उसको अभावमा कथा अपूर्ण हुन्छ । कथालाई पूर्ण बनाउनका लागि उसको ठुलो सहयोग रहेको छ भन्ने स्पष्ट हुन्छ ।

### 'लङ्का काण्ड' कथाका पात्रहरूको अध्ययन

कथाकार राजेन्द्र विमलद्वारा लिखित लङ्का काण्ड कथा लङ्का काण्ड तथा मधेस आन्दोलनको सेरोफेरोमा केन्द्रित भएर लेखिएको कथा हो । यस कथामा नर्स, डाक्टर, चौधरी सर, महन्थी बाबु, लछमिनियाँ (म पात्रकी हजुरमा), सलिल (म पात्रको साथी), उत्तिम लाल,

गलफुल्ला गुरु, मानबहादुर, म (रामबहादुर), बौआलाल, बौआलालकी आमा, मोतीलाल मारवाडी, फेकनी, ननटुन र टुनटुन, मङ्गला, मनतोरिया, आन्दोलनकारीहरूलगायतका पात्रहरू प्रयोग गरिएका छन् । यस कथामा प्रयोग गरिएका पात्र र तिनको भूमिकालाई निम्नानुसार उल्लेख गरी विश्लेषण गरिएको छ :

**तालिका २**

*लङ्का काण्ड कथामा प्रयुक्त पात्र र तिनको भूमिका*

| पात्र अध्ययनका आधार : | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | मञ्च | नेपथ्य | बद्ध | मुक्त |
| म पात्र (रामबहादुर) | + | | + | | | + | | | + | + | | + | | + | |
| मनतोरीया | | + | | | + | + | | | + | + | | + | | + | |
| मनबहादुर | + | | | + | | + | | | + | + | | + | | + | |
| लछमिनियाँ | | + | | | + | + | | | + | + | | + | | + | |
| मङ्गला | + | | | + | | → | + | + | | + | | + | | + | |
| गलफुल्ला गुरु | + | | | + | | | + | | + | + | | + | | + | |
| सलिल | + | | | + | | | + | | + | + | | + | | + | |
| अकलु | + | | | | + | + | | | + | + | | + | | + | |
| फेकनी | | + | | | + | → | + | + | | + | | + | | + | |
| जमिनदार | + | | | | + | | + | | + | + | | + | | + | |

उल्लिखित तालिकाअनुसारको भूमिकामा रहेका लङ्का काण्ड कथाका पात्रहरूको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

**म पात्र (रामबहादुर) :** लङ्का काण्ड कथाको प्रमुख पात्र 'म' हो । लङ्का काण्ड कथा प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको कथा हो । यस कथाको सम्पूर्ण कथावस्तु म पात्रकै केन्द्रीयतामा अगाडि बढेको छ । म पात्र ऊ देशमा एकता भएको हेर्न चाहन्छ । कथाको सुरुदेखि अन्त्यसम्म म पात्रको भूमिका प्रमुख रहेकाले उसलाई प्रमुख पात्रका रूपमा लिन सकिन्छ । यस कथामा म पात्र अनुकूल प्रवृत्ति भएको स्थिर पात्रका रूपमा देखा परेको छ । ऊ मधेसी जुलुसले विद्याप्रति प्रतिभा फुटाउन खोज्दा पनि तीव्र आक्रोश पोख्छ त्यसकारण म पात्र हिमाल, पहाड, तराई कोही छैनन् पराई भन्ने पात्र हो । ऊ स्थान विशेषका आधारमा राजनीति गर्नुहुँदैन भन्ने सकारात्मक सोच भएको पात्र पनि हो । लिङ्गका आधारमा म पात्र पुरुष पात्र हो । नाम स्वभाव र उसका लागि प्रयोग गरिएको क्रियापदका आधारमा उसको लैङ्गिक पहिचान खुलाउन सकिन्छ । कार्यका आधारमा म पात्र कथाको प्रमुख पात्र

हो । उसको उपस्थिति कथाको सुरुदेखि अन्त्यसम्म रहेको छ । उसकै केन्द्रीयतामा कथाको कथावस्तु संरचित छ । कथाको सुरुवात र अन्त्य पनि म पात्रबाटै भएको छ । कथामा लङ्का काण्ड तथा मधेसी आन्दोलन र त्यसपछि उत्पन्न परिस्थितिका बारेमा चित्रण गरिएको छ । आन्दोलनमा नेपालीहरूले भोग्नुपरेको पीडालाई कथाकारले म पात्रद्वारा प्रस्तुत गरेका छन् । लङ्का काण्ड एउटा घटना भएकाले नेपाल भूमिमा यस्तो घटना कसैले पनि निम्त्याउनु हुँदैन । सबै नेपालीलाई राष्ट्रियताको भावनाले छपक्कै छोप्नुपर्छ । कसैमाथि विद्रोहको भावना हुँनुहुँदैन भन्ने अभिव्यक्तिलाई यस कथामा म पात्रका माध्यमबाट सशक्त ढङ्गले प्रस्तुत गरिएको छ । प्रवृत्तिका आधारमा म पात्र अनुकूल वा सत् पात्र हो । म पात्रले मधेस आन्दोलनमा एकअर्काका विरुद्धमा मुर्दावाद र जिन्दावादका नारा लगाइरहँदा मधेसीहरूले नेपालगञ्जको भानुचोकमा रहेको भानुभक्तको प्रतिभा ढाल्न खोज्दा म पात्रले रोक्न खोजेको छ र प्रतिकार गरेको छ । उसलाई पहाडियाको आरोप लाग्छ र उसमाथि गोली चलाइन्छ । कथामा उसले सकारात्मक भूमिका निर्वाह गरेकाले उसलाई अनुकूल पात्रका रूपमा चर्चा गर्न सकिन्छ । स्वभावका आधारमा म पात्र गतिहीन पात्र हो । कथाको आरम्भदेखि अन्त्यसम्म उसको स्वभाव स्थिर रहेकाले उसलाई गतिहीन पात्रका रूपमा लिन सकिन्छ । जीवन चेतनाका आधारमा म वर्गीय पात्र हो । उसले सम्पूर्ण जातिको प्रतिनिधित्व गरेको हुनाले उसलाई वर्गीय पात्रका रूपमा लिइन्छ । एउटै देशमा बसोबास गर्ने व्यक्तिहरू जातीयताको स्वार्थमा लागेर वर्गविभेद गर्नुहुँदैन भन्ने भावबाट ऊ वर्गीय पात्र रहेको स्पष्ट हुन्छ । नेपाली भएर जन्मिएपछि हिमाली, पहाडी र मधेसी भावना नभई सबैमा एउटै भावना हुनुपर्ने विचार कथाकारले म पात्रका माध्यमबाट व्यक्त गरेकाले उसलाई वर्गीय पात्रका रूपमा विश्लेषण गर्न सकिन्छ । आसन्नताका आधारमा म पात्र मञ्चीय पात्र हो । उसले कथामा लङ्का काण्ड तथा मधेसी आन्दोलनको घटनालाई प्रत्यक्ष रूपमा अगाडि बढाएकाले उसलाई मञ्चीय पात्रका रूपमा वर्णन गर्न सकिन्छ । प्रस्तुत कथामा ऊ कथावाचक भएर आएको छ । आबद्धताका आधारमा म पात्र बद्ध पात्र हो । किनभने उसलाई कथाबाट झिकिदिने हो भने सम्पूर्ण कथाको संरचना नै बिग्रिएर जान्छ । कथाको संरचनामा उसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले उसलाई बद्ध पात्रका रूपमा लिइन्छ । कथाको सिङ्गो संरचना उसैको सेरोफेरोमा रहेकाले कथानकबाट झिक्दा कथा अपूर्ण बन्न पुग्छ ।

**मनतोरीया :** लङ्का काण्ड कथाकी पात्र मनतोरीया म पात्रकी आमा भएकी हुनाले ऊ स्त्री पात्र हो । कार्यका आधारमा ऊ गौण पात्र हो । कथामा उसको खासै उल्लेखनीय भूमिका नभएकाले उसलाई कथामा गौण पात्रका रूपमा देखाइएको छ । स्वभावका आधारमा हेर्दा कथाभरि मनतोरीयाको विचारमा कुनै परिवर्तन नदेखाइएकाले ऊ गतिहीन पात्रका रूपमा देखिएकी छ । जीवन चेतनाका आधारमा मनतोरीया वर्गीय पात्र हो । उसले कथामा नारी वर्गको प्रतिनिधित्व गरेकी छ । उसले कथामा आमाको भूमिका निर्वाह गरेकी छन् । आमा घरिघरि आकाशको छाती चिर्ने गरी डाँको छोड्नुहुन्छ भन्ने वाक्यले आम नेपाली आमाको प्रतिनिधित्व गरेको छ । आसन्नताका आधारमा मनतोरीया मञ्चीय पात्र हो । उसले

कथामा म पात्रसँग प्रत्यक्ष संवाद गरी कथालाई प्रत्यक्ष रूपमा अगाडि बढाएकी हुनाले उसलाई मञ्चीय पात्रका रूपमा लिन सकिन्छ । आबद्धताका आधारमा मनतोरीया बद्ध पात्र हो । कथामा उसको भूमिका आमाको रहेको छ । कथामा गौण पात्रका रूपमा देखिए पनि कथाको संरचनामा उसको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**मानबहादुर :** लङ्का काण्ड कथामा प्रयुक्त मानबहादुर पुरुष पात्र हो । ऊ म पात्रको बुबा भएकाले उसलाई पुरुष पात्रका रूपमा लिन सकिन्छ । साथै उसको नाम, स्वभाव र ऊप्रति प्रयोग गरिएको क्रियापदले पनि ऊ पुरुष पात्र रहेको स्पष्ट हुन्छ । कार्यका आधारमा मानबहादुर सहायक पात्र हो । ऊ म पात्रको सहयोगी भई कथामा प्रस्तुत भएको छ । कथामा उसको भूमिका प्रमुख पात्रको जति नभए पनि महत्त्वपूर्ण रहेको छ । कथामा ऊ छोटो भूमिकामा देखा परे पनि उसको उपस्थिति कथामा महत्त्वपूर्ण रहेको छ । प्रवृत्तिका आधारमा मानबहादुर अनुकूल पात्र हो । उसले गरेका हरेक काम सकारात्मक छन् । कथामा उसले कसैलाई पनि दुःख दिने काम गरेको छैन । स्वभावका आधारमा मानबहादुर गतिहीन पात्र हो । कथाको अन्त्यसम्म मानबहादुरको स्वभावमा कुनै पनि भिन्नता आएको छैन । जीवनचेतनाका आधारमा मानबहादुर वर्गीय पात्र हो । उसले नेपाली समाजका विपन्न वर्गको प्रतिनिधित्व गरेको छ । आसन्नताका आधारमा मानबहादुर मञ्चीय पात्र हो । उसले कथामा प्रत्यक्ष उपस्थित भई कार्यव्यापार प्रस्तुत गरेकाले उसलाई मञ्चीय पात्रका रूपमा उल्लेख गर्न सकिन्छ ।

**लछिमिनियाँ :** लङ्का काण्ड कथामा प्रयुक्त लछिमिनियाँ स्त्री पात्र हो । ऊ म पात्रकी हजुरआमा भएकीले पनि ऊ स्त्री पात्र रहेको स्पष्ट हुन्छ । कार्यका आधारमा लछिमिनियाँ गौण पात्र हो । ऊ मनतोरियाकी आमा हो । मानबहादुर उनले पालेको छोरा हो । उसले मानबहादुरसँग आफ्नी छोरी मनतोरियाको विवाह गराइदिएकी छ । उसको कथामा प्रमुख र सहायक पात्रको जति भूमिका नरहे पनि महत्त्वपूर्ण भूमिका रहेको छ । प्रवृत्तिका आधारमा लछिमिनियाँ अनुकूल पात्र हो । उसले कथामा सकारात्मक भूमिका निर्वाह गरेकी छ । उसले मधेसी र पहाडीको विवाह गराइदिएर असल कार्य गरेकी छ । स्वभावका आधारमा लछिमिनियाँ गतिहीन पात्र हो । कथाको आदिदेखि अन्त्यसम्म उसको स्वभावमा कुनै परिवर्तन आएको छैन । कथामा उसको स्वभाव बडो दयालु, उदार र सोझी पात्रका रूपमा रहेको देखिन्छ । जीवन चेतनाका आधारमा लछिमिनियाँ वर्गगत पात्र हो । उसले सामाजिक वर्गको प्रतिनिधित्व गरेकी छ । उसमा अन्धविश्वास छ । विशेषतः ऊ बोक्सी हुन्छन् भन्ने भ्रामक अन्धविश्वासमा रहेकी छ । आसन्नताका आधारमा लछिमिनियाँ मञ्चीय पात्र हो । उसको उपस्थिति कथामा प्रत्यक्ष रूपमा रहेको छ । आबद्धताका आधारमा लछिमिनियाँ बद्ध पात्र हो । लछिमिनियाँलाई कथाबाट हटाउँदा कथानक खलबलिन सक्ने देखिन्छ ।

**मङ्गला :** लिङ्गका आधारमा मङ्गला पुरुष पात्र हो । ऊ म पात्रको ठुलो बुबा भएकाले उसलाई पुरुष पात्रका रूपमा उल्लेख गर्न सकिन्छ । उसको नाम, स्वभाव र ऊप्रति प्रयोग गरिएको क्रियापदले पनि मङ्गला पुरुष पात्र भएको स्पष्ट हुन्छ । कार्यका आधारमा

मङ्गला सहायक पात्र हो । प्रमुख पात्रको सहयोगी भई कथावस्तुलाई अगाडि बढाउन उसले सहयोग पुऱ्याएको छ । कथामा उसको संवाद नभए पनि उसले पूर्ण रूपमा सघाउ पुऱ्याएको छ । प्रवृत्तिका आधारमा मङ्गला अनुकूलबाट प्रतिकूल बनेको पात्र हो । मङ्गला स्वार्थी पात्र हो । उसको चरित्रभित्र रहस्य छ । ऊ आफूलाई विश्वास गर्नेप्रति विश्वासघात गर्ने खराब प्रवृत्ति भएको पात्र हो । ऊ रक्सी पिउने र अरूबाट प्रयोग गरिने व्यक्ति बनेको छ । ऊ आफ्नी श्रीमतीको पैसा चोरेर म पात्रलाई दोष थुपार्ने र सजाय दिने गरेकाले ऊ प्रतिकूल पात्रका रूपमा देखा परेको  छ । स्वभावका आधारमा मङ्गला गतिशील पात्र हो । उसले सुरूमा सन्तान नभएर म पात्रलाई सन्तानको रूपमा घरमा ल्याउँछ र पछि सन्तान जन्मेपछि म पात्रलाई अनेक दोष लगाएर कुट्न थाल्छ । समय परिस्थितिसँगै उसको मन परिवर्तन भएकाले ऊ गतिशील पात्रका रूपमा देखिएको छ । जीवन चेतनाका आधारमा मङ्गला वर्गीय पात्र हो । उसले नेपाली समाजको प्रतिनिधित्व गरेको छ । नेपाली समाजमा निःसन्तान हुनुको पीडा र सन्तान भएपछि गरिने व्यवहारलाई कथाकारले मङ्गला पात्रको माध्यमबाट प्रस्तुत गरेका छन् । आसन्नताका आधारमा मङ्गला मञ्चीय पात्र हो । उसले कथालाई प्रत्यक्ष रूपमा अगाडि बढाएको हुनाले ऊ मञ्चीय पात्र हो । कथामा उसको संवाद प्रस्तुत नभए पनि उसले कथामा प्रत्यक्ष रूपमा उपस्थित भएर कथालाई अगाडि बढाउन सहयोग पुऱ्याएको छ । आबद्धताका आधारमा मङ्गला बद्ध पात्र हो । कथाको संरचनामा उसको महत्त्वपूर्ण भूमिका रहेको छ । जसलाई कथाबाट झिक्दा कथा अपूर्ण बन्न पुग्छ ।

**गलफुल्ला गुरु :** लिङ्गका आधारमा गलफुल्ला गुरु पुरुष पात्र हो । नाम, स्वभाव र उनलाई प्रयोग गरिएको क्रियापदले ऊ पुरुष पात्र भएको स्पष्ट हुन्छ । कार्यका आधारमा गलफुल्ला गुरु सहायक पात्र हो । ऊ कथाको मध्यतिर देखापरेको छ । कथामा उसको भूमिका महत्त्वपूर्ण रहेको छ । प्राचीन कालमा गुरुहरूले चेलाहरूलाई पढाउनुका सट्टा काम गर्न लगाउने र उनीहरूलाई दण्ड दिनेजस्ता घटनालाई गुरुका माध्यमबाट प्रस्तुत गरिएको छ । प्रवृत्तिका आधारमा गल्फुल्ला गुरु प्रतिकूल पात्रका रूपमा देखा परेको छ  । स्वभावका आधारमा गल्फुल्ला गुरु गतिहीन पात्र हो । सुरुदेखि अन्त्यसम्म एउटै स्थितिमा देखापरेकाले उसलाई गतिहीन पात्रका रूपमा उल्लेख गर्न सकिन्छ । जीवन चेतनाका आधारमा गल्फुल्ला गुरु वर्गीय पात्र हो । लङ्का काण्ड कथामा गल्फुल्ला गुरुले शिक्षामा रहेको बालमनोविज्ञान नबुझ्ने पुरातन, रुढिग्रस्त विसङ्गतिका बाहक शिक्षकको प्रतिनिधित्व गरेको छ । आसन्नताका आधारमा गलफुल्ला गुरु मञ्चीय पात्र हो । उसले कथामा प्रत्यक्ष रूपमा उपस्थित भएर महत्त्वपूर्ण भूमिका खेलेको छ । कथामा उसको संवाद नभए पनि उसले प्रमुख पात्रलाई प्रत्यक्ष रूपमा सहयोग गरी कथालाई अगाडि बढाएको छ । आबद्धताका आधारमा गलफुल्ला गुरु बद्ध पात्र हो । उसलाई कथावस्तुबाट झिकिदिँदा कथावस्तुको संरचना बिग्रन्छ र असर पर्न जान्छ ।

**सलिल :** लिङ्गका आधारमा सलिल पुरुष पात्र हो । ऊ म पात्रको साथी हो । कार्यका आधारमा ऊ सहायक पात्र हो । कथामा उसको भूमिका प्रमुख पात्रका जति नभए

पनि महत्त्वपूर्ण रहेको छ। उसको भूमिका कथामा छोटो भए पनि विशेष रहेको छ। प्रवृत्तिका आधारमा सलिल प्रतिकूल पात्र हो । कथामा उसको भूमिका असत्, खराब वा नकारात्मक रहेकाले उसलाई प्रतिकूल पात्रका रूपमा चित्रण गर्न सकिन्छ । उसले जातीयताको विभेद गरेको छ । प्रस्तुत कथामा अरूलाई पीडा दिएर आफू रमाउने परपीडक पात्रका रूपमा सलिललाई उल्लेख गरिएको छ । स्वभावका आधारमा सलिल गतिहीन पात्र हो । कथाको अन्त्यमा ऊ देखापरेको छ । सलिल म पात्रको साथी हो तर ऊ म पात्रलाई दुःख दिन्छ । उसमा साम्प्रदायिक भावले घरजम गरेको छ । एउटै स्थितिमा रही स्वभाव परिवर्तन नगरेकाले उसलाई गतिहीन पात्रका रूपमा प्रस्तुत गरिएको छ। जीवन चेतनाका आधारमा सलिल वर्गगत पात्र हो । अरूलाई दुःख दिएर आफू रमाउने परपीडकको प्रतिनिधित्व गरेको छ। नेपाली समाजमा एक नेपालीले अर्को नेपालीलाई जातीयताको स्वार्थमा लागेर वर्गविभेद गरेकाले लङ्का काण्ड कथामा सलिललाई नेपाली समाजको प्रतिनिधित्व गर्ने पात्रका रूपमा अगाडि सारिएको छ । आसन्नताका आधारमा सलिल मञ्चीय पात्र हो । कथाको अन्त्यमा उपस्थित भई छोटो संवाद प्रस्तुत गरेकाले ऊ मञ्चीय पात्र हो । आबद्धताका आधारमा सलिल बद्ध पात्र हो । लङ्का काण्ड कथामा सलिलको भूमिका प्रतिकूल पात्रको रूपमा रहेको छ । त्यसैले उसलाई कथाबाट हटाउँदा कथावस्तुको संरचना खलबलिन्छ र कथा अपूर्ण बन्न पुग्छ ।

**अकलु :** लिङ्गका आधारमा अकलु पुरुष पात्र हो। ऊ म पात्रको ठुलो बुबाको छोरा हो। कार्यका आधारमा ऊ गौण पात्र हो। कथामा उसको उल्लेखनीय भूमिका रहेको देखिँदैन। कथालाई सफल पार्नका लागि गौण पात्रहरूको पनि आवश्यकता पर्ने भएकाले कथाकारले कथामा अकलुलाई गौण पात्रका रूपमा देखाएका छन् । अकलुको भूमिका प्रमुख र सहायक पात्रको जति नभए पनि कार्यव्यापारमा कम तर महत्त्वपूर्ण रहेको छ । प्रवृत्तिका आधारमा अकलु अनुकूल पात्र हो । स्वभावका आधारमा अकलु गतिहीन पात्र हो । कथाको बिचतिर देखा परे पनि उसको स्वभावमा केही परिवर्तन नआएकाले उसलाई गतिहीन पात्रका रूपमा लिइन्छ। जीवन चेतनाका आधारमा अकलु वर्गीय पात्र हो। उसले पुरुष वर्गको प्रतिनिधित्व गरेको छ । आसन्नताका आधारमा अकलु मञ्चीय पात्र हो । कथामा उसको संवाद नभए पनि प्रत्यक्ष रूपमा उपस्थित भई कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाएकाले ऊ मञ्चीय पात्र हो। आबद्धताका आधारमा अकलु बद्ध पात्र हो। कथामा उसको भूमिका गौण पात्रका रूपमा रहे तापनि उसलाई कथानकबाट झिक्दा कथा अपूर्ण बन्न पुग्छ ।

**फेकनी :** लिङ्गका आधारमा फेकनी स्त्री पात्र हो। ऊ म पात्रकी सानीमा हो। ऊ लछिमिनियाँकी जेठी छोरी थिई। उसको नाम, स्वभाव र उसलाई प्रयोग गरिएको क्रियापदले ऊ स्त्री पात्र रहेको स्पष्ट हुन्छ। कार्यका आधारमा फेकनी गौण पात्र हो। कथामा उसको खासै उल्लेखनीय भूमिका रहेको देखिँदैन । प्रमुख र सहायक पात्रका तुलनामा कम तर महत्त्वपूर्ण भूमिका गौण पात्रको पनि हुने भएकाले फेकनीको महत्त्वपूर्ण भूमिका रहेको छ। प्रवृत्तिका आधारमा फेकनी अनुकूलबाट प्रतिकूल बनेकी पात्र हो । स्वभावका आधारमा

फेकनी गतिशील पात्र हो । ऊ पहिले अनुकूल पछि प्रतिकूल बनेर आफ्नो स्वभाव परिवर्तन गरी आफ्नै सोचअनुसार अगाडि बढ्ने पात्रका रूपमा देखापरेकी छ । जीवन चेतनाका आधारमा फेकनी वर्गगत पात्र हो । उसले आम नारी वर्गको प्रतिनिधित्व गरेकी छ । आसन्नताका आधारमा फेकनी मञ्चीय पात्र हो । कथामा उपस्थित भई कार्यव्यापार प्रस्तुत गरेकी हुनाले ऊ मञ्चीय पात्र हो । आबद्धताका आधारमा फेकनी बद्ध पात्र हो । कथामा गौण रूपमा देखा परे पनि उसको भूमिका महत्त्वपूर्ण रहेको छ ।

**जमिनदार (महन्थी बाबु) :** लिङ्गका आधारमा जमिनदार पुरुष पात्र हो । उसको नाम र ऊ प्रति प्रयोग गरिएको क्रियापदले ऊ पुरुष पात्र रहेको स्पष्ट हुन्छ । कार्यका आधारमा जमिनदार गौण पात्र हो । कथामा उसको भूमिका गौण पात्रका रूपमा देखिएको छ । प्रवृत्तिका आधारमा जमिनदार प्रतिकूल पात्र हो । ऊ गाउँकै जमिनदार थियो । कथामा जमिनदार असत् पात्रका रूपमा प्रस्तुत भएको छ । पञ्चायत कालमा घरमा नोकर चाकर्नी राख्ने र उनीहरूलाई नोकरकै व्यवहार गर्ने यथार्थचित्रण कथामा पाइन्छ । पञ्चायत कालमा धनी वर्गले गरिब वर्गमाथि गरेको अत्याचारलाई कथाकारले जमिनदारका माध्यमबाट प्रस्तुत गरेकाले लङ्का काण्ड कथामा उसलाई प्रतिकूल पात्रका रूपमा देखाइएको छ ।

'आरुको बोट' कथाका पात्रहरूको अध्ययन

'आरुको बोट' कथा सामाजिक यौन मनोवैज्ञानिक कथा हो । मान्छे किशोरावस्थामा प्रवेश गरेपछि उसमा यौवन बढ्दै जान्छ भन्ने प्रसङ्गलाई यस कथामा प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा आरुका बोटलाई नारीको जवानीसँग तुलना गरिएको छ । यस कथामा रश्मि, रश्मिकी आमा, रश्मिलाई हेर्ने केटो र रश्मिकी बज्यैलगायतका पात्रहरू प्रयोग गरिएको छ । कथामा प्रयोग गरिएका यी पात्रहरूको भूमिकालाई निम्नानुसारको तालिकामा प्रस्तुत गरी अध्ययन विश्लेषण गर्न सकिन्छ :

**तालिका ३**

*तालिका तीन : आरुको बोट कथामा प्रयुक्त पात्र र तिनको भूमिका*

| पात्र अध्ययनका आधार : | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिहीन | गतिशील | व्यक्तिगत | वर्गगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| रश्मि | | + | + | | | + | | + | | | + | | + | + | |
| रश्मिकी आमा | | + | | + | | | + | + | | | + | | + | + | |
| मुना | | + | | | + | + | | + | | | + | | + | | + |
| रश्मिलाई हेर्ने केटो | + | | | + | | + | | + | | | + | | + | + | |
| रश्मिकी बज्यै | | + | | + | | + | | + | | | + | | + | + | |

उल्लिखित तालिकाअनुसारको भूमिकामा रहेका 'आरुको बोट' कथाका पात्रहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

**रश्मि :** आरुको बोट कथामा प्रयुक्त पात्रहरूमध्ये रश्मि स्त्री पात्र हो । उसको नाम, स्वभाव र ऊप्रति प्रयोग गरिएको क्रियापदले ऊ स्त्री पात्र रहेको स्पष्ट हुन्छ। कार्यका आधारमा ऊ मुख्य पात्र हो । उसकै केन्द्रीयतामा कथा अगाडि बढेको छ । कथाकी मुख्य पात्र रश्मिमा जीवनको जवानी बढ्दै छ । युवकको आकर्षणले रश्मिमा जीवनको छालले जवानी चढाउँदै रजस्वला भएको ११ दिनको गुफावास र त्यहाँबाट बाहिर निस्केपछि आरुका बोटमा फूलेका फूलहरू, आरु फलेको र विस्तारै पाक्दै गएर खान हुने अवस्थालाई कथामा प्रस्तुत गरिएको छ । जसरी आरुका बोटमा पहिला फूलहरू फूल्छन्, अनि दाना लाग्छन् र पाक्छन् त्यस्तै कथाकी पात्र रश्मिमा पनि आरुको बोटमा आएको परिवर्तनजस्तै यौवनका छाल विकसित हुँदै गएको कुरालाई यस कथाको विषयवस्तु बनाइएको छ । प्रवृत्तिका आधारमा रश्मि अनुकूल वा सत् पात्र हो । रश्मिले कथाको आदिदेखि अन्त्यसम्म कुनै पनि नराम्रो काम गरेकी छैन । सामाजिक संस्कारका कारण महिलाहरू रजस्वला हुँदा बन्द कोठामा सीमित हुनुपरेको छ र उसमा यौवन चढ्दै गए पनि त्यसलाई लुकाएर राखेकी छ। रश्मिले आफूमा जवानी चढ्दै आएको आफू यौनले परिपक्व भएको र त्यो कुरा युवकलाई सुनाउने कल्पना गरेकी छ । घरमा सबैले भनेको मान्ने आज्ञाकारी प्रवृत्ति भएकी पात्रका रूपमा उसलाई प्रस्तुत गरिएको छ। स्वभावका आधारमा रश्मि गतिहीन पात्र हो । कथामा उसको स्वभाव चञ्चल र अलमस्त देखिन्छ। कथाको सुरुदेखि अन्त्यसम्म उसको स्वभावमा केही परिवर्तन आएको छैन । जीवनचेतनाका आधारमा रश्मि वर्गीय पात्र हो । उसले आम नारी वर्गको प्रतिनिधित्व गरेकी छ । परम्परागत समाजबाट नारीले भोग्नुपरेको पीडालाई केन्द्रविन्दु बनाएर उसले पीडित वर्गको प्रतिनिधित्व गरेकी छ । कथाकारले रजस्वला हुँदा नारीले सहनुपरेको पीडा र यातनालाई रश्मिका माध्यमबाट प्रस्तुत गरेकाले उसलाई वर्गीय पात्रका रूपमा चित्रित गर्न सकिन्छ । आसन्नताका आधारमा रश्मि मञ्चीय पात्र हो । रश्मिले कथामा प्रत्यक्ष मञ्चमा उपस्थित भएर सक्रिय भूमिका निर्वाह गरेकी छ। रश्मिको उपस्थिति कथामा अधिक मात्रामा रहेको छ।

**रश्मिकी आमा :** लिङ्गका आधारमा रश्मिकी आमा स्त्री पात्र हो । कार्यका आधारमा ऊ सहायक पात्र हो। उसले कथाको कथानकलाई अगाडि बढाउन मद्दत गरेकी छ। ऊ कथामा रश्मिकी आमा नामबाट चिनिएकी छ। कथामा ऊ मुख्य पात्र रश्मिलाई सहयोग गर्न आएकी छ। सुरुदेखि अन्त्यसम्म उसले कथामा महत्त्वपूर्ण भूमिका खेलेकी छ। प्रवृत्तिका आधारमा रश्मिकी आमा प्रतिकूल पात्र हो। रश्मिकी आमा अन्धविश्वासमा विश्वास गर्ने पात्रका रूपमा देखिएकी छ । कथामा उसलाई नकारात्मक भूमिकामा देखाइएकाले प्रतिकूल पात्र भन्न सकिन्छ । स्वभावका आधारमा रश्मिकी आमा गतिहीन पात्र हो । कथाको प्रारम्भदेखि अन्त्यसम्म उसको स्वभावमा कुनै परिवर्तन नआएकाले ऊ गतिहीन

पात्रका रूपमा देखा परेकी छ । यस कथामा ऊ परम्परागत रुढिबादी कुरामा विश्वास राख्ने, रजस्वला भएपछि बाह्र दिनसम्म सूर्यको प्रकाश र कुनै पुरुषको अनुहार हेर्नसमेत नहुने कुरा बताउँछे । सुरुदेखि एउटै स्वभावमा देखापरेकी हुनाले उसलाई गतिहीन पात्रका रूपमा चित्रित गर्न सकिन्छ । जीवनचेतनाका आधारमा रश्मिकी आमा वर्गीय पात्र हो । उसले नेपाली समाजको प्रतिनिधित्व गरेकी छ । साथै समाजमा रहेको कुरीति, कुसंस्कार अन्धविश्वासलाई आत्मसात गरेकी छ । आसन्नताका आधारमा रश्मिकी आमा मञ्चीय पात्र हो । कथामा उसको प्रत्यक्ष उपस्थिति रहेको छ । कथामा उपस्थित भएर संवाद प्रस्तुत गरेकी हुनाले ऊ मञ्चीय पात्र हो । आबद्धताका आधारमा रश्मिकी आमा बद्ध पात्र हो । कथाको संरचनामा उसको भूमिका महत्त्वपूण रहेकाले उसलाई कथानकबाट झिक्दा कथा अपूर्ण बन्न पुग्छ ।

**मुना :** लिङ्गका आधारमा मुना स्त्री पात्र हो । ऊ रश्मिकी साथी हो । कार्यका आधारमा मुना गौण पात्र हो । कथामा उसको भूमिका गौण पात्रका रूपमा रहे पनि उसले प्रमुख पात्रलाई प्रत्यक्ष रूपमा सहयोग गरी महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छ । कथामा उसको भूमिका प्रमुख र सहायक पात्रको जति नभए पनि उल्लेखनीय नै रहेको छ । प्रवृत्तिका आधारमा मुना अनुकूल पात्र हो । कथामा ऊ रश्मिको असल साथीका रूपमा आएकी छ । कथाको सुरुदेखि अन्त्यसम्म ऊ असल चरित्र भएकी पात्रका रूपमा देखा परेकी छ । ऊ रश्मिलाई धेरै माया गर्ने पात्रको भूमिकामा रहेकी छ । स्वभावका आधारमा मुना गतिहीन पात्र हो । कथाको प्रारम्भदेखि अन्त्यसम्म एउटै स्थितिमा रही स्वभावमा कुनै परिवर्तन नआएकाले उसलाई गतिहीन पात्र भन्न सकिन्छ । उसले कथामा उपस्थित भएर रश्मिलाई सहयोग गरेकी छ । जीवन चेतनाका आधारमा मुना वर्गीय पात्र हो । उसले असल साथीको प्रतिनिधित्व गरेकी छ । रश्मि रजस्वला भएर कोठाभित्र बसेको बेला पनि ऊ भेट्न आएकी छ । उसको अवस्था बुझेकी छ । त्यसैले उसलाई वर्गीय पात्र भन्न सकिन्छ । आसन्नताका आधारमा मुना मञ्चीय पात्र हो । कथामा ऊ प्रत्यक्ष उपस्थित भएका कारण ऊ मञ्चीय पात्र हो । कथामा उसको भूमिका गौण पात्रका रूपमा देखिए पनि कथामा ऊ प्रत्यक्ष उपस्थित भई संवाद प्रस्तुत गरेकी हुनाले ऊ मञ्चीय पात्र हो । आबद्धताका आधारमा मुना मुक्त पात्र हो । उसलाई कथाबाट झिक्दा पनि कथाको संरचना खल्बलिने देखिँदैन ।

**रश्मिलाई हेर्ने केटो :** लिङ्गका आधारमा रश्मिलाई हेर्ने केटो पुरुष पात्र हो । कथामा उसका लागि प्रयोग गरिएको क्रियापदका आधारमा पनि ऊ पुरुष पात्र रहेको स्पष्ट हुन्छ । कार्यका आधारमा रश्मिलाई हेर्ने केटो सहायक पात्रका रूपमा देखिएको छ । कथामा उसको प्रत्यक्ष संवाद नभए पनि उसले प्रमुख पात्रको सहयोगी भई कथा पूरा गर्न सघाउ पुऱ्याएको छ । प्रवृत्तिका आधारमा रश्मिलाई हेर्ने केटो अनुकूल पात्र हो । उसमा कुनै पनि किसिमको खलत्वको सङ्केत पाइँदैन । उसले आफ्नो प्रेमाकर्षणको भाव अभिव्यक्त गर्न सक्दैन । त्यसैले ऊ अनुकूल पात्र हो । स्वभावका आधारमा रश्मिलाई हेर्ने केटो गतिहीन

पात्र हो । ऊ कथाको मध्यतिर देखा परेको छ । उसको स्वभावमा कुनै परिवर्तन आएको छैन त्यसैले ऊ गतिहीन पात्र हो । जीवन चेतनाका आधारमा रश्मिलाई हेर्ने केटो वर्गगत पात्र हो । उसले पुरुष वर्गको प्रतिनिधित्व गरेको छ । आसन्नताका आधारमा ऊ मञ्चीय पात्र हो । उसको कथामा कुनै संवाद नभए पनि उसले कथामा प्रत्यक्ष रूपमा उपस्थित भएर कथालाई अगाडि बढाएको छ । आबद्धताका आधारमा रश्मिलाई हेर्ने केटो बद्ध पात्र हो । कथाको संरचनामा उसको भूमिका महत्त्वपूर्ण रहेको छ । कथामा उसलाई प्रेमीका रूपमा उपस्थित गराइएको छ । उसको अभावमा कथाको संरचना अपूर्ण बन्ने भएकाले कथाबाट उसलाई झिक्न मिल्ने देखिँदैन ।

**रश्मिकी बज्यै :** लिङ्गका आधारमा रश्मिकी बज्यै स्त्री पात्र हो । कार्यका आधारमा ऊ सहायक पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म उसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छ । कथामा ऊ रश्मिकी बज्यै भएर देखा परेकी छ । उसले कथालाई अगाडि बढाउनका लागि प्रमुख पात्रलाई पूर्ण रूपमा सहयोग गरेकी छ । प्रवृत्तिका आधारमा रश्मिकी बज्यै अनुकूल पात्र हो । उसले कथामा सकारात्मक भूमिका निर्वाह गरेकी छ । उसले कथामा कसैलाई पनि नराम्रो व्यवहार गरेकी छैन । स्वभावका आधारमा रश्मिकी बज्यै गतिहीन पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म उसको स्वभावमा कुनै पनि भिन्नता आएको छैन । उसमा धार्मिक आस्था रहेको देखिन्छ । जीवन चेतनाका आधारमा रश्मिकी बज्यै वर्गीय पात्र हो । उसलाई वर्गीय पात्रका रूपमा चित्रित गर्ने आधार निम्नानुसार छ :

> “देउतालाई नचढाई पहिलो पल्ट आफ्नो बारीमा फलेको फल टिपेर खानुहुँदैन है ।”

आसन्नताका आधारमा रश्मिकी बज्यै मञ्चीय पात्र हो । उसले कथामा प्रत्यक्ष उपस्थित भई संवाद प्रस्तुत गरेकी छ । आबद्धताका आधारमा रश्मिकी बज्यै बद्ध पात्र हो । कथामा उसको भूमिका महत्त्वपूर्ण रहेको छ । कथाबाट उसलाई अलग गरिदिने हो भने कथानक अपूर्ण र उद्देश्यहीन बन्न पुग्छ । त्यसैले आरुको बोट कथामा रश्मिकी बज्यैको भूमिका महत्तम देखिन्छ ।

## स्नातक तहमा समाविष्ट कथाका पात्रहरूप्रति विद्यार्थीहरूको प्रतिक्रिया

प्रस्तुत अध्ययनमा उद्देश्यअनुरूप स्नातक तहमा समाविष्ट कथामा प्रयुक्त पात्रहरूप्रति सोही तहमा अध्ययनरत विद्यार्थीहरूको धारणासमेत अध्ययन गरिएको छ । यस क्रममा स्नातक तह, पहिलो वर्षमा अध्ययनरत विद्याथीमध्ये १० जना विद्यार्थीहरूबाट आवश्यक तथ्य सङ्कलन गरिएको छ । यसरी सङ्कलित प्रतिक्रियालाई ७ ओटा उपशीर्षकमा प्रस्तुत गरी पात्रहरूको विश्लेषण गरिएको छ ।

## पुलिङ्गी र स्त्रीलिङ्गी पात्र प्रयोग र भूमिका

स्नातक तहका निर्दिष्ट तीन कथामा प्रयुक्त पात्रको लैङ्गिक स्थिति र भूमिका सम्बन्धमा १० जना विद्यार्थीहरूलाई सोधिएको प्रश्नमा ५ जना विद्यार्थीले पुलिङ्गी पात्रबारे सही प्रतिक्रिया दिएको पाइयो भने बाँकी ५ जनाले सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेर गलत प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी स्त्रीलिङ्गी पात्रका रूपमा २ जनाले सही प्रतिक्रिया दिएको पाइयो भने बाँकी ७ जनाले सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेर गलत प्रतिक्रिया दिएको पाइयो । १ जना विद्यार्थीले चााहिँ यस सम्बन्धमा प्रतिक्रिया नदिएको पाइयो । समग्रमा विधार्थीले लैङ्गिक स्थिति र पात्रको भूमिका सम्बन्धमा सोधिएको प्रश्नमा सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेको हुनाले पात्र र पात्रको भूमिका सम्बन्धमा उनीहरूमा उचित जानकारी नभएको पाइयो ।

कथामा पुलिङ्गी र स्त्रीलिङ्गी पात्रको प्रयोग किन गरिन्छ भन्ने अर्को प्रश्नमा ६ जना विद्यार्थीले कथालाई स्पष्ट र राम्रो बनाउन, कथालाई रोचक बनाउन, कथालाई व्यवस्थित बनाउन, कथालाई उत्कृष्ट बनाउन, कथालाई रहस्यमय बनाउनको लागि कथामा पुलिङ्गी र स्त्रीलिङ्गी पात्रको प्रयोग गरिन्छ भन्ने प्रतिक्रिया दिएको पाइयो भने १ जनाले कथालाई सरल तथा सहज रूपमा बुझ्नलाई सजिलो होस् भनेर पुलिङ्गी र स्त्रीलिङ्गी पात्रहरूको प्रयोग गरिएको हुन्छ भन्ने प्रतिक्रिया दिएको पाइयो र बाँकी ३ जनाले यसबारे कुनै प्रतिक्रिया नदिएको पाइयो । समग्रमा विद्यार्थीहरूबाट प्राप्त गरिएको प्रतिक्रियाका आधारमा पात्रहरूको प्रयोग सम्बन्धमा उनीहरूमा उचित जानकारी भएको पाइयो ।

## प्रमुख, सहायक र गौण पात्र प्रयोग र भूमिका

स्नातक तहका निर्दिष्ट कथामा प्रयुक्त पात्रको प्रयोग र भूमिका सम्बन्धमा १० जना विद्यार्थीमा सोधिएको प्रश्नमा ४ जनाले प्रमुख पात्रका रूपमा भूमिका निर्वाह गरेका पात्रबारे सही प्रतिक्रिया दिएको पाइयो भने बाँकी ६ जनाले सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेर गलत प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी सहायक पात्रका रूपमा १ जनाले सही प्रतिक्रिया दिएको पाइयो भने ७ जनाले गलत प्रतिक्रिया दिएको पाइयो र बाँकी २ जनाले प्रतिक्रिया नदिएको पाइयो । समग्रमा विद्यार्थीहरूले पात्रको भूमिका सम्बन्धमा सोधिएको प्रश्नमा सम्बन्धित कथा भन्दा बाहिरका पात्रहरू उल्लेख गरेका हुनाले पात्रको भूमिका सम्बन्धमा उनीहरूमा उचित जानकारी नभएको पाइयो ।

कथामा प्रमुख, सहायक र गौण पात्रको प्रयोग किन गरिन्छ भन्ने प्रश्नमा १० जना विद्यार्थीबाट प्राप्त प्रतिक्रियामध्ये ४ जनाले कथामा प्रमुख, सहायक र गौण पात्रहरूको प्रयोग कथाको शोभा बढाउन, कथालाई स्पष्ट पार्न, कथालाई उत्कृष्ट बनाउन, कथालाई राम्रो ढङ्गले प्रस्तुत गर्न गरिन्छ भन्ने प्रतिक्रिया दिएको पाइयो भने बाँकी ६ जनाले प्रतिक्रिया नदिएको पाइयो । समग्रमा विद्यार्थीले पात्रको प्रयोग सम्बन्धमा सोधिएको प्रश्नमा

४ जनाले सन्तोषजनक प्रतिक्रिया दिएको पाइयो भने बाँकीलाई पात्रको प्रयोग सम्बन्धमा खासै जानकारी नभएको पाइयो ।

## अनुकूल र प्रतिकूल पात्र प्रयोग र भूमिका

स्नातक तहका निर्दिष्ट कथामा के कस्ता अनुकूल र प्रतिकूल पात्रको प्रयोग गरिएको छ र अनुकूल र प्रतिकूल पात्रले केकस्तो भूमिका निर्वाह गर्छन् भनी सोधिएको प्रश्नावलीबाट प्राप्त प्रतिक्रियाका आधारमा २ जनाले अनुकूल पात्रअन्तर्गत सही प्रतिक्रिया दिएको पाइयो भने ४ जनाले गलत प्रतिक्रिया दिएको पाइयो । बाँकी ४ जनाले यसबारे कुनै प्रतिक्रिया नदिएको पाइयो । त्यसैगरी प्रतिकूल पात्रअन्तर्गत २ जनाले गलत प्रतिक्रिया दिएको पाइयो भने ४ जनाले सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेको पाइयो । बाँकी ४ जनाले प्रतिक्रिया नदिएको पाइयो । समग्रमा विद्यार्थीहरूले अनुकूल र प्रतिकूल पात्रको प्रयोग सम्बन्धमा सोधिएको प्रश्नमा सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेका हुनाले पात्रको भूमिका सम्बन्धमा उनीहरूमा उचित जानकारी नभएको पाइयो ।

कथामा अनुकूल र प्रतिकूल पात्रले के कस्तो भूमिका निर्वाह गर्छन् भन्ने अर्को प्रश्नमा विद्यार्थीहरूको प्रतिक्रियालाई हेर्दा ५ जनाले कथामा अनुकूल पात्रले सकारात्मक र प्रतिकूल पात्रले नकारात्मक भूमिका निर्वाह गरेका हुन्छन् भनेर सही प्रतिक्रिया दिएको पाइयो भने बाँकी ३ जनाले अनुकूल र प्रतिकूल पात्रले कथाको शीर्षक सार्थक बनाउन, कथालाई अगाडि बढाउन, कथालाई उत्कृष्ट बनाउन, कथालाई रोचक बनाउन भूमिका निर्वाह गर्छन् भन्ने प्रतिक्रिया दिएको पाइयो र २ जनाले प्रतिक्रिया नदिएको पाइयो । समग्रमा विद्यार्थीहरूले पात्रको भूमिका सम्बन्धमा सोधिएको प्रश्नमा ५ जनाले सैद्धान्तिक अवधारणासँग मेल खाने गरी प्रतिक्रिया दिएको पाइयो भने बाँकीलाई पात्रको भूमिका सम्बन्धमा उचित जानकारी नभएको पाइयो ।

## गतिशील र अनुकूल पात्र प्रयोग र भूमिका

गतिशील र अनुकूल पात्रको प्रयोग र भूमिकाको सन्दर्भमा १० जना विद्यार्थीहरूसँग लिइएको प्रतिक्रियाअनुसार २ जनाले गतिशील पात्रअन्तर्गत सही प्रतिक्रिया दिएको पाइयो भने ८ जनाले गलत प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी अनुकूल पात्रअन्तर्गत २ जनाले सही प्रतिक्रिया दिएको पाइयो भने बाँकी ८ जनाले गलत प्रतिक्रिया दिएको पाइयो । समग्रमा विद्यार्थीहरूले पात्रको भूमिका सम्बन्धमा सोधिएको प्रश्नमा सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेका हुनाले पात्रको भूमिका सम्बन्धमा उनीहरूमा उचित जानकारी नभएको पाइयो ।

## वर्गीय र व्यक्तिगत पात्र प्रयोग र भूमिका

जीवन चेतनाका दृष्टिले पात्रको प्रयोग र भूमिकाको सन्दर्भमा विद्यार्थीहरूले दिएका प्रतिक्रियाअनुसार १० जना विद्यार्थीहरूमध्ये ३ जनाले सम्बन्धित कथाभन्दा बाहिरका

पात्रहरू उल्लेख गरेको पाइयो भने बाँकी ७ जना विद्यार्थीले यस सम्बन्धमा प्रतिक्रिया नदिएको पइयो । समग्रमा विद्यार्थीहरूले पात्रको भूमिका सम्बन्धमा सोधिएको प्रश्नमा सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेका हुनाले पात्रको भूमिका सम्बन्धमा उनीहरूमा उचित जानकारी नभएको पाइयो ।

## मञ्चीय र नेपथ्य पात्रको प्रयोग र भूमिका

मञ्चीय र नेपथ्य पात्रको प्रयोगका सन्दर्भमा १० जना विद्यार्थीहरूबाट प्राप्त गरिएको प्रतिक्रियालाई हेर्दा २ जनाले मञ्चीय पात्रबारे सही प्रतिक्रिया दिएको पाइयो भने ५ जनाले सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेर गलत प्रतिक्रिया दिएको पाइयो । बाँकी ३ जनाले प्रतिक्रिया नदिएको पाइयो । समग्रमा विद्यार्थीहरूले पात्रको प्रयोग सम्बन्धमा सोधिएको प्रश्नमा सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेका हुनाले पात्रको भूमिका सम्बन्धमा उनीहरूमा उचित जानकारी नभएको पाइयो ।

## बद्ध र मुक्त पात्र प्रयोग र भूमिका

बद्ध र मुक्त पात्रको प्रयोग र भूमिकाको सन्दर्भमा विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रियाका आधारमा १० जना विद्यार्थीलाई सोधिएको प्रश्नमा ४ जनाले खाली छोडेको पाइएको छ भने बाँकी रहेका ६ जनाले सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेर गलत प्रतिक्रिया दिएको पाइयो । समग्रमा विद्यार्थीहरूले पात्रको भूमिका सम्बन्धमा सोधिएको प्रश्नमा सम्बन्धित कथाभन्दा बाहिरका पात्रहरू उल्लेख गरेका हुनाले पात्रको भूमिका सम्बन्धमा उनीहरूमा उचित जानकारी नभएको पाइयो ।

# निष्कर्ष

उल्लिखित व्याख्या विश्लेषणलाई दृष्टिगत गर्दा स्नातक तहमा समाविष्ट कथाका पात्र र तिनको भूमिका सम्बन्धमा विभिन्न निचोड प्राप्त गरिएको छ । वस्तुतः स्नातक तहका कथाहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका दृष्टिले विभिन्न किसिमका पात्रहरू प्रयोग गरिएको छ । लैङ्गिक दृष्टिले पुलिङ्ग र स्त्रीलिङ्ग पात्रहरू, कार्यका दृष्टिले मुख्य, सहायक र गौण पात्रहरू, प्रवृत्तिका दृष्टिले अनुकूल र प्रतिकूल पात्रहरु, स्वभावका दृष्टिले गतिहीन र गतिशील पात्रहरू, जीवनचेतनाका दृष्टिले व्यक्तिगत र वर्गगत पात्रहरु, आसन्नताका दृष्टिले नेपथ्य र मञ्चीय पात्रहरु तथा आबद्धताका दृष्टिले बद्ध र मुक्त पात्रहरू प्रयोग गरिएको छ । निर्दिष्ट कथामा प्रयुक्त पात्रका सम्बन्धमा सम्बन्धित तहमा अध्ययनरत विद्यार्थीको प्रतिक्रिया अध्ययन गर्दा विद्यार्थीहरूलाई कथाका पात्र र तिनको भूमिकाबारे गहन जानकारी नरहेको तथ्य पाइएको छ । प्रस्तुत अध्ययनले स्नातक तहमा समावेश गरिएका निर्दिष्ट कथाका रचनाकार, अध्यापनरत शिक्षक, अध्ययनरत विद्यार्थीका अलावा यस क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई पनि आवश्यकीय ज्ञान प्राप्त गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

## सन्दर्भ सामग्री


अधिकारी, गणेशराज र गौतम, बासुदेव (२०७५), *नेपाली कथा र उपन्यास,* भुँडीपुराण प्रकाशन ।

उप्रेती, आर (२०६९), *साल्गीको बलात्कृत आँसु कथासङ्ग्रहको कृतिपरक अध्ययन,* (स्नातकोतर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

खड्का, रमेश (२०६४), *अभागी कथाको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोतर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गिरी, भेषराज (२०७७), *कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन,* (स्नातकोतर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

गौतम, लक्ष्मणप्रसाद (२०६९), *नेपाली कथाको इतिहास,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

घिमिरे, सविन (२०७६), *अप्रिल फुल उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

घिमिरे, तुल्सीराम र खड्का टङ्क बहादुर (२०६९), *आधुनिक नेपाली आख्यान र नाटक,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, हरिप्रसाद (२०६८), *श्वेत भैरवी कथाको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोतर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, श्री सिद्धनाथ बहुमुखी क्याम्पस भीमदत्तनगर, कञ्चनपुर ।

ढकाल, कल्पना (२०६३), *मुलुक बाहिर उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोतर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

प्रभात, रमेश (२०७०), *पात्रविधानका कोणबाट चन्द्रवदन कथाको अध्ययन,* (स्नातकोत्तर शोधपत्र) नेपाली शिक्षा विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर ।

पाण्डे, देवकी कुमारी (२०७७), *मधेसतिर कथाको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

पाण्डे, राजाराम (२०६८), *छिमेकी कथाको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, कृष्ण विलास (२०७४), *आधुनिक नेपाली आख्यान र नाटक,* कालिञ्चोक प्रस्तक प्रकाशन प्रा. लि. ।

भण्डारी, पारसमणि र अन्य (२०७५), *नेपाली गद्य र नाटक,* विद्यार्थी पुस्तक भण्डार ।

रानाभाट, भगवती (२०७४), *समय त्रासदी उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग त्रिवि कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०७७), *भाषिक विद्या शिक्षण,* सनलाइट पब्लिकेसन ।

लामिछाने, यादवप्रकाश र लामिछाने, गीता (२०७६), *नेपाली कथा र उपन्यास,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७९), *शैलीविज्ञान,* नेपाल प्रज्ञा प्रतिष्ठान ।